## मिति २०७७/०२/१० गतेको कार्यपालिका बैठकको निर्णय

**निर्णय नं. १** :यस टीकापुर नगरपालिकाको चालु आ.व. ०७६/०७७ का लागि स्वीकृत कार्यक्रम र योजनाहरु कार्यान्वयन गर्ने क्रममा केही विनियोजन शिर्षकहरुमा रकम अपुग हुने देखिएको, कतिपय विनियोजन शिर्षकमा रकम बचत हुने देखिएको हुँदा आगामी नगरसभाबाट अनुमोदन हुनेगरी तपसिल बमोजिम बजेट तथा कार्यक्रम संशोधन गर्ने ।

आ.व.२०७६।०७७ मा विनियोजन ऐन २०७६ बाट पारित केन्द्र स्तरीय योजना तथा कार्यक्रमहरु मध्ये संसोधन गर्नुपर्ने योजना तथा कार्यक्रमहरु

| सि.नं. | साविकको कार्यक्रम/ क्रियाकलापको नाम, खर्च शिर्षक र बजेट श्रोत | साविकको जम्मा बजेट रु. | संशोधन गर्नुपर्ने कारण | संशोधन भई कायम हुने | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | कार्यक्रम/ क्रियाकलाप | खर्च शीर्षक | बजेट रु. | |
| **क** | **केन्द्र स्तरीय - टीकापुर नगरपालिका - ८०७७४०४१०१ (चालु खर्च)** | | | | | | |
| १ | सम्पूर्ण प्र.अ.हरुलाई द्वन्द व्यवस्थापन तालिम २ दिने - खर्च शिर्षक: २२५२२, श्रोत: नेपाल सरकार समानिकरण अनुदान | २०००००.०० | यस शिर्षकमा खर्च नहुने र नयाँ कार्यक्रम थप गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएकोले | कक्षा ८को ग्रेड वृद्धि परीक्षा सञ्चालन | २२५२२ | १४००००.०० | |
| | | | | रेडियो शैक्षिक कार्यक्रम | २२५२२ | ६००००.०० | |
| २ | शैक्षिक सत्र २०७७ को लागि विद्यालय भर्ना अभियान (झिकाउ, सिकाउ र टिकाउ) - खर्च शिर्षक: २२५२२, श्रोत: नेपाल सरकार समानिकरण अनुदान | १०००००.०० | | संस्थागत विद्यालयहरुको नगरस्तरीय खेलकुद कार्यक्रम सञ्चालन | २२५२२ | १०००००.०० | |
| | **जम्मा** | **३०००००.००** | | **जम्मा** | | **३०००००.००** | |
| **ख** | **केन्द्र स्तरीय - टीकापुर नगरपालिका - ८०७७४०४१०१ (पुँजिगत खर्च)** | | | | | | |
| १ | ट्रिपर खरिद - संशोधित बजेट - खर्च शिर्षक: ३११२१, श्रोत: प्रदेश सरकार राजश्व बाँडफाँड | ६५०००००.०० | यस शिर्षकमा खर्च नहुने र कोभिड-१९ को संक्रमण रोकथाम सम्बन्धि ब्यबस्थापकीय कार्यमा दुइ पांग्रे सवारी साधनको आवश्यक्ता परेकोले | ट्रिपर खरिद - संशोधित बजेट | ३११२१ | ५७०००००.०० | |
| | | | | मोटर साइकल र स्कुटर खरिद | ३११२१ | ८०००००.०० | |
| | **जम्मा** | **६५०००००.००** | | **जम्मा** | | **६५०००००.००** | |

नगर प्रमुख
... रावल

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**निर्णय नं. २:** टीकापुर नगरपालिका वडा नं. २ मा सञ्चालनको लागि स्विकृति पाई वडा नं. ४ अस्नेरीमा सञ्चालनमा रहेको श्री आईडियल माईलस्टोन ईङ्गलिस बोर्डीङ स्कुललाई यस नगरपालिकाको वडा नम्बर ४ अस्नेरीमा ठाउँसारी गरि सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. ३:** जोशीपुर गाँउपालीका अन्तर्गत वडा नं. ५ मा सञ्चालनको लागि स्विकृति पाएको श्री पब्लिक बोर्डीङ स्कुललाई टीकापुर नगरपालिकाको वडा नम्बर ५ प्रेमनगरमा ठाउँसारी गरिसञ्चालन गर्न अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. ५ :** टीकापुर नगरपालिका अन्तर्गत नयाँ संस्थागत विद्यालय स्थापनको लागि आवश्यक पर्ने "निजि गुठि दर्ता सम्बन्धि कार्यविधि २०७७" स्विकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.६:** आ.व.२०७६।०७७ का लागि विनियोजन ऐन, २०७६ अनुसार टीकापुर नगरपालिका -चालु खर्च ब.उ.शि.नं. अन्तरगत तपसिल बमोजिमका कार्यक्रम / क्रियाकलापहरु कोरोना भाइरस ( COVID - 19 ) का कारण सृजित महामारीले गर्दाबन्दाबन्दी (LOCKDOWN) भई चालु आ. व. मा सम्पन्न हुन नसक्ने देखिएको र C0VID-19 को संक्रमण चेकजाँचका लागि आवश्यक पर्ने VTM / RDT /PPE संघीय सरकार तथा प्रदेश सरकार बाट न्यून मात्रामा प्राप्त हुने भएको हुँदा थप खरिदका लागि बजेट अपुग भई यस न.पा. को "कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोष" मा तत्काल बजेट व्यवस्था गरी जम्मा गर्नु पर्ने भएकोले आगामि नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिम कार्यक्रम र बजेट संशोधन गर्ने निर्णय गरियो।

| सि. नं. | साविकको | | | | संशोधन | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम/क्रियाकलापको नाम | खर्च शीर्षक | बजेट श्रोत | विनियोजन रु. | घट्ने रु. | कायम हुने बजेट रु. |
| क | केन्द्र स्तरीय - टीकापुर नगरपालिका - ८०७७७४०४१०१ | | | | | |
| १ | स्यानिटरी प्याड खरिद तथा व्यवस्थापन कार्यक्रम | २२५२२ | संघ- राजश्व बाँडफाँड | ७०००००.०० | ७०००००.०० | ० |
| २ | अवलोकन भ्रमण कार्यक्रम - थप बजेट | २२५२२ | संघ- राजश्व बाँडफाँड | ३०००००.०० | ३०००००.०० | ० |
| | कूल जम्मा | | | १००००००.०० | १००००००.०० | ०. |

तपेन्द्र बहादुर रावल

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**निर्णय न. ७ :** कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको रोकथाम , व्यवस्थापन तथा उपचारमा संलग्न जनशक्तिलाई हौसला प्रदान गर्नको लागि **टीकापूर नगरपालिका, जोखिम भत्ता वितरण कार्यविधि,** २०७७ स्वीकृत गरियो ।

**निर्णय नं.८ (क) :** टीकापुर नगरपालिकाको नगर बृहत योजनाको मस्यौदा माथि नागरिकस्तरबाट सुझाव तथा पृष्ठपोषण प्राप्त गर्ने क्रममा वडा स्तरीय छलफल, सार्वजनिक सुनुवाई र आन्तरिक छलफल मार्फत नागरिक सल्लाहकार परिषद् नगरपालिकालाई योजना परिमार्जनका लागि दिएको तपसिल अनुसारको(*अनुसूचि-१)* सुझाव बमोजिम नगर बृहत योजना परिमार्जन गर्ने निर्णय गरियो ।

**(ख)** बृहत योजनाको बाँकी कार्य जेष्ठ मसान्त भित्र सम्पन्न गर्न तथा नगरको डिजिटल तथ्यांक व्यवस्थापन र बृहत योजना कार्यान्वनसँग सम्बन्धित मार्गदर्शन तथा निर्देशिका निर्माणका कार्यमा सहयोगका लागि कमिटेड नेपाललाई अनुरोध गर्ने निर्णय गरियो ।

**(ग)** नगर बृहत योजनाले दीर्घकालीन कार्यदिशा प्रदान गर्ने भए पनि हालको कोभिड १९ सो महामारी कारण उत्पन्न परिस्थितिमा कार्यक्रममा आर्थिक विकास, स्वास्थ्य तथा विपद् व्यवस्थापन जस्ता क्षेत्रमा सान्दर्भिक अल्पकालीन कार्यक्रम समावेश गर्ने निर्णय गरियो ।

**(घ) :** नेपाल सरकारबाट जारी भई प्रयोगमा रहेको यस नगरपालिकाको नक्शामा केही त्रुटी रहेकोले आवश्यक प्रक्रिया पुरा गरी नक्शा सुधार गर्न समय लाग्ने देखिएकोले हालका लागि आन्तरिक रुपमा नक्शा सुधार गरी प्रयोगमा ल्याउने, त्यसका लागि नगरबाट निर्धारित नक्शालाई प्राविधिक रुपमा मिलाउन कमिटड नेपाललाई अनुरोध गर्ने निर्णय गरियो ।

नगर प्रमुख
तपेन्द्र बहादुर रावल

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

(अनुसूचि-१)

क. आर्थिक विकास

| क.स. | आएको सुझाव | सुझावको सम्बोधनका लागि परिषद्को निर्णय |
|---|---|---|
| १. | विगतका वर्षहरुको आय व्ययको स्थिति विश्लेषण समावेश गर्नुपर्ने । | पूर्वाधार विकास तथा राजश्व परिचालनको प्राथमिकतामा रहेका कार्यकमको विवरणको खण्ड (ख) को अल्पकालिन कार्यकमको बुँदा ५ मा राजश्व सम्वन्धि विषयको प्राथमिकता उल्लेख भएको भएपनि नगरको राजश्व र व्ययको अवस्था कतै विश्लेषण भएको नदेखिएकोले ५.२. को प्रारम्भिक परिच्छेद अन्तर्गत एउटा परिच्छेद थप गरी नगरको वर्तमान बजेट र खर्चको स्थिति विश्लेषण समेट्न नगरलाई सुझाव दिने । |
| २. | कृषि क्षेत्र अन्तर्गत किसानको विवरण आए पनि किसानको वर्गीकरण पनि हुनुपर्ने र त्यस्तो वर्गीकरणको आधारमा कृषक कार्यक्रम ल्याउनु पर्ने । | कृषि तथा पशुपालन अन्तर्गतको अन्य नीतिको नीति ४(ग) मा समावेश गरिएकोमा……. ***साथै कृषकहरुको कृषि कार्य र कृषि उपज उत्पादनको आधारमा वर्गिकरण गरिनेछ*** भन्ने वाक्यांश थपका लागि अनुरोध गर्ने । |
| ३. | कृषि ऋण: आर्थिक विपन्न परिवारलाई सहुलियत कृषि ऋण उपलब्ध गराउन सरल तरिकाहरु व्यवस्था गर्नुपर्ने र सो ऋण राज्यको तीन खम्बे अर्थनीति अन्तर्गत सहकारी माध्यमबाट सेवाग्राहीमा पुर्याउनु पर्ने । | खण्ड ५.२.५. मासहकारी अन्तर्गत उद्देश्य (५) को नीति (ख) को शुरुमा ***आर्थिक रुपमा विपन्न परिवारका लागि कृषि ऋण सरल तवरले उपलब्ध हुने व्यवस्था गरिनुका साथै***……भन्ने वाक्यांश थप गर्न नगरलाई अनुरोध गर्ने । |
| ४. | कृषि मल: रासायनिक मलको सट्टामा कम्पोष्टमलको प्रयोग गरी अर्गानिक खेती तथा तरकारी उत्पादन गराई आयआर्जनको व्यवस्था मिलाउनु पर्ने र कार्यक्रम सहकारीमार्फत् सञ्चालन गर्नुपर्ने । | सहकारी सम्वन्धि उद्देश्य (५) अन्तर्गत न्मिनानुसार नीति (ज) थपका लागि अनुरोध गर्ने ।<br><br>ज. जैविक मल प्रयोग गरी हुने अर्गानिक खेतीका लागि सहकारी मार्फत सल ऋण प्रवाहका लागि सहजिकरण गरिने छ । |
| ५. | पर्यटन: सुन्दर नगरी टीकापुरलाई पर्यटकीय विकासको लागि पर्यटकीय सहकारी व्यवस्थापन हुनुपर्ने र टीकापुर वरिपरि रहेका क्षेत्रलाई संग्राहालयको व्यवस्था गर्नुपर्ने साथै छिमेकी जिल्ला, गा.पा. र भारतसँगको सीमानाबाट आवात जावतका लागि यातायातको सुविधा हुनुपर्ने । | सहकारी अन्तर्गत उद्देश्य ५ को नीति ङ को दोस्रो वाक्यमा उद्यम सहकारी र कृषि सहकारी स्थापनामा जोड दिइनेछ को सट्टा ***उद्यम सहकारी, पर्यटन सहकारी र कृषि सहकारी स्थापनामा जोड दिइनेछ*** उल्लेख गर्न अनुरोध गर्ने । अन्य विषय पर्यटन र यातायात क्षेत्रको नीति तथा प्राथमिकतामा समेटिएको। |
| ६. | श्री खोटेना भुराखानी वनमा भुराखानी नाला उत्तरपट्टी, श्री जनशक्ति सामुदायिक वनसम्म माछा पोखरी बनाउने योजना बनाउने भए कैलाली जिल्लामा माछाको अभावमा पूर्ति हुने आर्थिक आर्जनमा सहयोग पुग्ने । | नगरको कृषि तथा पशुपालन अन्तर्गतको प्राथमिकिकता तालिका ५.२.२ को खण्ड (ख) मा मध्यकालिन प्राथमिकता अन्तर्गत निम्नानुसारको बुँदासमावेश गर्न अनुरोध गर्ने ।<br><br>१२. खाटेना भुराखानी बन क्षेत्रमा सम्भाव्यताको आधारमा |

| | | |
|---|---|---|
| | | माछा पालन व्यवशायको शुरुवात गर्ने । |
| ७. | टीकापुर नगरपालिकाको प्रत्येक तीन वटा वडाका दरले अनिवार्य रुपले पशुसेवा केन्द्रको स्थापना हुनुपर्ने । | नगरको कृषि तथा पशुपालन अन्तर्गतको प्राथमिकिकता तालिका ५.२.२ को खण्ड (ख) अन्तर्गत मध्यकालिन प्रँथमिकता नं. १३ नं बुँदामा समावेश गर्न अनुरोध गर्ने । १३. नगरका प्रत्येक तीन वडाको क्लष्टरमा एउटाका दरले पशुसेवाकेन्द्रको स्थापना गर्ने । |
| ८. | नदी प्रणालीमा आधारित जल यातायातका लागि आवश्यक पूर्वाधार तयार गरी डल्फिन क्षेत्र लगायत कर्णाली नदीमा जल यातायात व्यवस्था गर्ने । | आवधिक प्राथमिकता तालिका ५.२.३ अन्तर्गत अल्पकालिन कार्यक्रमको खण्ड (ख), प्राथमिकता नं ६ तथा अन्य अवधिमा Raftng सम्वन्धि विषय समेटिएको ले उपयुक्तताका आधारमा पुर्वाधार अन्तर्गत बाँकी विषय समेट्न अनुरोध गर्ने । |
| ९. | १९०२ परिवारले खेती नगरेको जमिनको अवस्था अध्ययन तथा अनुसन्धान गर्नुपर्ने । | कृषि तथा पशु क्षेत्र विकासको लागी आवधिक प्राथमिकता अन्तर्गत अल्पकालिन योजनाको (क) को बुँदा नं ४ मा समावेश गरिएको |
| १०. | किसानको उत्पादन धान, गहुँ, मकै, तेलहन लगायतका बालीहरु नेपाल खाद्य संस्थानले समयमा खरिद गर्ने व्यवस्था मिलाउने । | कृषि तथा पशु क्षेत्र विकासको लागी आवधिक प्राथमिकता तालिका ५.२.२ खण्ड (ख)को अल्पकालिन योजनामा प्राथमिकता नं १४ निम्नानुसार थपका लागि सुझाव दिने।<br><br>१४. धानको मूल्य समयमै तोक्न खाद्य संस्थान सँग आवश्यक समन्वय गर्ने तथा खाद्यान्न भण्डारणको लागि पर्याप्त गोदामहरुको व्यवस्थापन गर्ने । |
| ११ | कृषकलाई अनुदानमार्फत् वृहत् सामुहिक कृषि खेती, पशुपालनलाई जोड दिनुपर्छ साथै बिमाको व्यवस्था गरिदिनु पर्छ । | कृषि तथा पशुपालन अन्तर्गत प्राथमिकता प्राप्त कार्यक्रमको मध्यकालिन योजना अन्तर्गतको १५ नंवरको कार्यक्रम थप गरिएको । |

## ख. सामाजिक विकास

ख.१. शिक्षा

| क्र.स. | आएको सुझाव | परिषद्को निर्णय |
|---|---|---|
| १ | शिक्षाको उद्देश्य नं ३ मा अनुगमन र निरिक्षणको व्यवस्था थप गर्नु पर्ने | उद्देश्य ३ मा नीति (ङ) थप गर्न नगर कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो थप गरिनुपर्ने नीति : नगर स्तरिय शिक्षा अनुगमन समिति गठन गरि उक्त समिति मार्फत शिक्षाको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाईनेछ । |
| २ | शिक्षाको उद्देश्य नं ४ मा पुरस्कार दण्ड र क्षमता विकासको व्यवस्था गर्ने कुरा उल्लेख गर्नु पर्ने | उद्देश्य ४ मा विद्यालयको क्षमता मापन गर्ने पक्षमा जोड दिएका कारण उद्देश्य नं ३ मा नीति च थप गर्न नगर कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो च) शिक्षकहरुलाई सिकाई उपलब्धीका आधारमा पुरस्कार र दण्डको व्यवस्था मिलाईनेछ । |
| ३ | उद्देश्य न ५ : विद्यालयलाई कम्प्युटर वितरण र कम्प्यूटर शिक्षाको व्यवस्था गर्ने | उद्देश्य नं २ को नीति ज मा कम्प्युटरको व्यवस्था गर्ने कुरा उल्लेख भएको ले त्यसै बुँदामा .....कम्प्युटर शिक्षाको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने भन्ने |

| | | |
|---|---|---|
| | | लाइन थप गर्न नगर कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो । |
| ४. | खेलकुद शिक्षक र तालिमको व्यवस्था हुनु पर्ने | उद्देश्य नं १ को नीति घ मा खेल कुद सामाग्री सम्बन्धी व्यवस्था भएकोले सोहि नीतिमा सबै सामुदायिक विद्यालयमा खेलकुद शिक्षक र तालिमको व्यवस्था थप गर्न नगर कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो । |
| ५. | सुदुरपश्चिम विश्वविद्यालय अन्तर्गत डिन कार्यालयको भवन स्थापनाका लागि आवस्यक पहल गर्नु पर्ने | उद्देश्य नं ५ मा नीति ङ थप गरी सुदूर पश्चिम विश्वविद्यालयको डिन कार्यालय भवन स्थापनाका लागि आवस्यक पहल गरिने छ भन्ने निर्णय गरियो । |
| ६ | शिक्षक अभिभावक संघलाई शैक्षिक गुणस्तर उच्च तुल्याउने तालिमको व्यवस्था हुनु पर्ने | उद्देश्य नं ३ नीति घ मा नगरमा स्थापना भएका शिक्षा संरचनाको क्षमता विकास गर्ने भन्ने व्यवस्था भएकोले यस सुझावलाई उद्देश्य ३ को नीति घ अनुसार नै हुने निर्णय गरियो । |
| ७ | प्रत्येक विद्यालयमा रेडक्रस स्काउटको शाखाहरु स्थापना गर्नुपर्ने | नगरको शैक्षिक विकासको आवधिक प्राथमिकता तालिकाको खण्ड घ अन्तर्गत अल्पकालिन र मध्यकालिन कार्यक्रममा बुँदा २५ थप गरी सामुदायिक विद्यालयमा रेडक्रस र स्काउट सम्बन्धी आवस्यक ज्ञान सिप उपलब्ध गराउन वातावरण तयार गर्ने भन्ने उल्लेख गर्न नगर कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो |
| ८ | योग शिक्षा लागु गर्नु पर्ने | नगरको शिक्षाको आवधिक प्राथमिकताको खण्ड घ अन्तर्गत अल्पकालिन र मध्यकालिन प्राथमिकतामा बुँदा २६ थप गरी योग लगायत जीवन उपयोगी शिक्षामा जोड दिइने छ भन्ने उल्लेख नगर कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो । |

नगर प्रमुख
तपेन्द्र बहादुर रावल

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

ख.२. स्वास्थ्य

| क्र.स. | आएको सुझाव | परिषद्को निर्णय |
|---|---|---|
| १ | नगरका प्रत्येक वडाहरुमा स्वास्थ्य जनचेतना केन्द्रहरु राख्ने । | स्वास्थ्यको आवधिक प्राथमिकताको कार्यक्रम न.( ञ) मा तल उल्लिखित बुँदा थप्न अनुरोध गर्ने । थप गरिएको कार्यकमहरु निम्न रहेको छ ।<br><br>*अल्पकालीन कार्यक्रम न.२ : नगरका प्रत्येक वडाहरुको पायक पर्ने स्थानमा स्वास्थ्य जनचेतना केन्द्रहरु स्थापना गर्न आवश्यक प्रकिया पुरा गर्ने ।*<br><br>*मध्यकालिन कार्यक्रम न.२ : नगरका प्रत्येक वडाहरुको पायक पर्ने स्थानमा आवश्यक स्वास्थ्य समाग्री र जनशक्ति सहित स्वास्थ्य जनचेतना केन्द्रहरु स्थापना गरिसक्ने ।* |
| ३. | स्वास्थ्य खण्डमा औषत आयु कति पुर्‍याउने लक्ष्य समेत राख्न जरुरी । | स्वास्थ्य क्षेत्रको अपेक्षित उपलब्धीको तालिकामा सूचकाङ्क नं (च) मा थप गरी यो सवाललाई तलको तालिकामा देखाउन अनुरोध गर्ने । *( नगरपालिको हालकोमध्यकालिन र दीर्घकालिन औषत आयु नेपालको औषत आयु र पन्धौ योजना आधार पत्रको आधारमा राखिएको भए पनि नगर र नगर अन्तरगतका स्वास्थ्य शाखाले छलफल गरी लक्ष्य निर्धारण गर्न आवश्यक)* |

ख.३. सम्पदा संरक्षण

| क्र.सं | आएका सुझाव | परिषद्को निर्णय |
|---|---|---|
| १. | कोठारपुरमा ८ कठ्ठा जग्गा भेटिएको र सो स्थानमा चौधरी समुदायको संस्कृति झल्किने वडघरको घर र मरुवा स्थाना गर्नुपर्ने । | सम्पदा संरक्षण आवधिक प्राथमिकताको कार्यक्रम न. अल्पकालीन घ. १.१ थप गरी यो सवाल उल्लेख गर्ने, थप गरिएको यस प्रकार हुनुपर्ने :<br><br>*घ. १.१ कोठारपुरमा चौधरी समुदायको संस्कृति झल्किने वडघरको घर र मरुवा स्थापना गर्नुपर्ने ।* |
| २. | प्राचीन मन्दिर गुम्बाहरुमा पुजारी र पूजा सामग्री, परिचरको व्यवस्था गर्नुपर्ने ।<br><br>दिव्यपुर ७बैदीमा रहेको मन्दिरहरुको व्यवस्थापन गर्नुपर्ने । | सम्पदा संरक्षणको कार्यक्रम अल्पकालीन घ.१. को कार्यक्रमलाइ यी सब सुझावहरु समेटिने गरी परिमार्जित कार्यक्रम यस प्रकार हुनुपर्ने:<br><br>*घ.१. वडा नागरिकहरुको अनुरोधलाइ मध्यनजरमा* |

टीकापुर नगरपालिका टीकापुर कैलाली

| | | |
|---|---|---|
| | त्रिवेणी धाम निर्माण गर्नुपर्ने ।<br><br>टीकापुर ७बेलुवामा रहेको शिव मन्दिरलाई घेरबार गर्नुपर्ने ।<br><br>दिव्यपुर ७ पदमपुरमा पूर्ण जीर्ण भएको शिव मन्दिरलाई निर्माण गर्नुपर्ने ।<br><br>पदम प्रकाशेश्वर मन्दिरलाई जग्गा अपुग भएको हुँदा आवश्यक जग्गा खरिद गर्नुपर्ने ।<br><br>पर्शुराम कुण्डको व्यवस्थापन गर्ने । | *राख्दै प्राचीन मन्दिर गुम्बाहरुमा पुजारी र पूजा सामग्री, परिचरको व्यवस्था, दिव्यपुर ७ बैदीमा रहेको मन्दिरहरुको व्यवस्थापन, दिव्यपुर ७ पदमपुरमा पूर्ण जीर्ण भएको शिव मन्दिरलाई निर्माण, त्रिवेणी धाम निर्माण, बेलुवामा रहेको शिव मन्दिरलाई घेरबार, पर्शुराम कुण्डको व्यवस्थापन, पदम प्रकाशेश्वर मन्दिरलाई जग्गा व्यवस्थापन लगायत ओजेल परेका महत्वपुर्ण सबै स्थानीय सम्पदा र संस्कृतिको संरक्षण, व्यवस्थापन, र प्रचार प्रसारको लागि बिशेष कार्यक्रम तर्जुमा गर्ने । त्यसै गरी पर्यटकीय हिसाबले महत्वपुर्ण सम्पदा क्षेत्र र स्थलहरुको प्रचार प्रसार, पूर्वाधार निर्माण, र सूचना केन्द्रहरु स्थापना गर्ने ।* |
| ३. | टीकापुर ७लाई धार्मिक क्षेत्रको रुपमा विकास गर्नुपर्ने । | उद्देश्य ३, अन्तर्गत नयाँ नीति थप गर्ने, नयाँ नीति यस प्रकार रहनुपर्ने:<br><br>*नीति च. टीकापुर ७ को सम्पूर्ण धार्मिक/संकृतिक स्थल तथा रिति रिवाजको सम्भावना यकिन, अध्ययन, नीतिगात र प्राबिधिक सम्पूर्ण तयारी गरी सो को आधारमा धार्मिक/सांस्कृति क्षेत्र भनी कायम गरीने छ ।* |

**ग. पुर्वाधार विकास**

**ग.१. भू उपयोग तथा आवास व्यवस्थापन**

| क्र.स. | आएको सुझाव | सुझावको सम्बोधन |
|---|---|---|
| १. | वडा नं. १ लाई ४ वटा वडामा विभाजन गर्नुपर्ने । | भू उपयोग नीति उद्देश्य १ ले यो सुझावलाइ सम्बोधन गर्ने हुनाले छुट्टै उल्लेख गरी रहनु नपर्ने र नगरले सोहि नीति मातहतमा रही यो कार्य गर्न सक्ने । |

**ग.२. पार्क तथा मनोरञ्जन**

| क्र.सं. | आएका सुझाव | परिषद्को निर्णय |
|---|---|---|
| १. | खेलकुद शिक्षकको व्यवस्था र तालिमको व्यवस्था हुनुपर्ने । | उद्देश्य ३, नीति (ख)मा एक वाक्य थप गर्ने निर्णय गरियो थप गरिएको : साथै खेलकुद बिकासका लागि स्थानीय संघ संस्था, युवा क्लब, खेलकुद क्लब, बिद्यालय आदि संगको साझेदारीमा खेलकुद शिक्षा र तालिमको व्यवस्था गरिने छ । |

टीकापुर नगरपालिका

ग.३. यातायात

| क.सं. | आएका सुझाव | परिषद्को निर्णय |
|---|---|---|
| १. | निम्न सडकलाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने ।<br>**वडा नं १**<br>क. टीकापुर बहुमुखी क्याम्पस जमरा पुलदेखि शिव मन्दिर हुँदै जगतपुर जाने बाटो कालोपत्रे<br>ख. खक्रौला सडकदेखि पश्चिम ज्योतिनगर स्कुल हुँदै कृषि सडक जानकी गाउँपालिका सीमाना जोड्ने बाटो<br>ग. ब्लक नं. २४ र २५ को बीचको बाटो देवेन्द्र कुँवरको घर हुँदै शेरबहादुर साउँदको घर हुँदै वनगाउँ उत्तरपूरुवाको बाटो बनगाउँ स्कुल हुँदै वडा नं. ३ को सीमानासम्म<br>घ. टीकापुर बसपार्कदेखि एयरपोर्टको उत्तरपश्चिमको बाटो आँखा अस्पतालसम्म जाने बाटो<br>ङ. गणदेखि पश्चिम समितिपुर हुँदै ज्योतिनगर लालीगुरासँ टोल संस्थाको छुने बाटो कालोपत्रे गर्ने ।<br>च. जडीबुटी कम्पनीदेखि उत्तरपश्चिम सत्घरुवा हुँदै ज्योतिनगर स्कुलसम्म जाने बाटो कालोपत्रे ।<br>छ. ज्योतिनगर स्कुलदेखि उत्तर बञ्जरिया नाला, पश्चिम विपत्पुर हुँदै दक्षिण सुमित्रा चौधरीको घर हुँदै बधशालासम्म जाने बाटो कालोपत्रे गर्ने ।<br>**वडा नं ४.**<br>क. इन्द्रैया चोकदेखि पश्चिम नारायणपुर जाने बाटो कालोपत्रे ।<br>ख. बनगाउँ दक्षिणपुरुवादेखि बाघमारा ज्ञानीपुर हुँदै पुछरी जाने बाटो अस्नेहरीदेखि जुम्ली टोल ठानापुर जाने बाटो ।<br>***अन्य***<br>क. दुर्गौलीदेखि राजीपुर हिम्मतपुर, धिया, भगवानपुर हुँदै जानकी गाउँपालिका जाने बाटो कालोपत्रे गर्नुपर्ने । | **यातायात क्षेत्रको आवधिक प्राथमिकता अन्तर्गत खण्ड (घ) अन्तर्गतमध्यकालिन कार्यक्रमको ४नं बुँदामा नगर केन्द्रबाट वडा केन्द्र जोड्ने सडक कालोपत्रे गर्ने र ५ नं मा वडा स्तरका सडकको कालोपत्रे बाहेकको पुर्वाधार पुरा गर्ने कुरा उल्लेख भएको तथा सोही दिर्घकालिन कार्यक्रम अन्तर्गत बुँदा नं ५ मा** टोल स्तरसम्मका सबै सडक कालोपत्रे वा पक्की बनाइसक्ने उल्लेख भएको भएकोले सुधार गर्नु आवश्यक देखिएन तर नगरको उच्चतम प्राथमिकता अन्तर्गत तालिका ५.४.३ मा यी मध्ये कुनै पनि सडकको नाम नभएकोले उक्त प्राथमिकतामा एकपटक पुनरविचार गरी उपयुक्तताका आधारमा एकभन्दा बढि वडा जोड्ने बाटो समेट्न अनुरोध गर्ने निर्णय गरियो । |
| २. | कैलाली र बर्दिया जिल्लालाई जोड्ने कर्णाली नदीको दौलतपुर घाटमा पक्की पुल निर्माण गर्नुपर्ने अति आवश्यक देखिन्छ । | यातायात क्षेत्रको प्राथमिकता अन्तर्गत खण्ड ङ(४) मा राजापुर जोड्ने भन्ने उल्लेख भएकोमा बाक्यको शुरुमा ***दौलतपूर घाटलगायत*** भन्ने वाक्यांश थप गर्न अनुरोध गर्ने । |
| ३. | कर्णाली नदी छेउको ड्याम हुँदै मोहना ड्यामबाट पथरैया ड्यामसम्म जोड्ने खक्रौलाको पिल्लर (नेपाल | यातायात क्षेत्रको मध्यमालिन प्राथमिकता अन्तर्गत खण्ड ङ अन्तर्गत निम्नानुसारको बुँदा थपका लागि नगरलाई अनुरोध |

| | | |
|---|---|---|
| | भारतबाट) बाट वडा नं. ७ को कालाकुण्डासम्म ड्याम नभएर बाटो भएकोमा उक्त बाटोलाई ड्याम बराबरको अग्लो बनाउनु पर्ने, जसका कारण डल्फिन क्षेत्रमा जान सहज हुनेछ। | गर्ने। <br> ६. कर्णाली नदी छेउको ड्याम हुँदै मोहना ड्यामबाट पथरैया ड्यामसम्म जोड्ने खक्रौलाको पिल्लर (नेपाल भारतबाट) बाट वडा नं. ७ को कालाकुण्डासम्मको बाटोलाई ड्याम भन्दा अग्लो बनाई त्यसलाई पर्यटन मार्गका रुपमा विकास गर्ने सम्भाव्यता अध्ययन गर्ने र सम्भाव्यताका आधारमा निर्माण प्रक्रिया शुरु गर्ने। |
| ४. | टीकापुर नगरपालिका वडा नं. १ भित्रका सबै सडकमा सोलार बत्ती जडान गर्नुपर्ने। | खण्ड ञअन्तर्गत मध्यकालिन कार्यक्रममा निम्नानुसार बुँदा ५ थपका लागि अनुरोध गर्ने। <br> ५. नगर केन्द्र र सघन बस्ती क्षेत्रलाई मुख्य प्राथमिकतामा राखी सौर्य बत्ती वा जलविद्युत मध्ये कम लागतको विकल्प प्रयोग गरी सोलार बत्तीको व्यवस्थापन गर्ने। |

### ग.४. सार्वजनिक निर्माण

| क्र.सं. | आएका सुझाव | परिषद्को निर्णय |
|---|---|---|
| १. | साल्ट ट्रेडिंगको स्वामित्वमा रहेको जग्गा कार्यालय निर्माण गर्नका लागि आवश्यक पहल गर्नुपर्ने। <br> नेपाल आयल निगमको प्रदेशस्तरीय डिपो सञ्चालनका लागि लगभग २० विघा जमिन आवश्यक भएकोले व्यवस्था गरी डिपो स्थापनामा पहल गर्नुपर्ने। <br> यातायात व्यवस्था तथा सेवा कार्यालय स्थानीय रुपमा स्थापनाका लागि आवश्यक जमिन र भवन निर्माणको अनिवार्य व्यवस्था गर्नुपर्ने। | सार्वजनिक निर्माणको उद्देश्य ११ मा निम्नानुसार नीति (ङ) थप गर्न अनुरोध गर्ने। <br> ङ . संघ तथा प्रदेश स्तरका सेवा प्रदायक निकायका भवन निर्माणका लागि जग्गा व्यवस्थापन लगायत सहयोग र समन्वय गरिने छ। <br> त्यसैगरी आवधिक प्राथमिकता अन्तर्गत खण्ड (ङ) को अल्पकालिन प्राथमिकतामा निम्न बेहोरा सहितको बुँदा नं ४ थप गर्ने। <br> ४. साल्ट ट्रेडिङ लिमिटेडको जग्गामा कार्यालय भवन निर्माणका लागि संघीय सरकार र आयल निगमको भवन निर्माणका लागि जग्गा व्यवस्थापन गरी सुदुर पश्चिम सरकारसँग निर्माणका लागि समन्वय गर्ने। |
| २. | टीकापुर प्राकृतिक चिकित्सालय (योगाश्रम) को अनुसन्धान भवन पूर्णरुपमा निर्माण गर्नुपर्ने | यो विषय केहि रुपमा स्वास्थ्य क्षेत्रको कार्यक्रममा समेटिएको छ। सार्वजनिक निर्माणमा यो विषय खण्ड (ङ) को अल्पकालिन प्राथमिकतामा निम्न बेहोरा सहितको बुँदा नं ५ थपका लागि अनुरोध गर्ने। <br> ५. सम्वन्धित पक्षसँगको समन्वयमा टीकापुर प्राकृतिक चिकित्सालय भवन निर्माणको कार्य पुरा गर्ने। |
| ३. | बजार क्षेत्रको मुख्य सडकमा रहेको विद्युत तथा टेलिफोनका तारहरु भूमिगत प्रणालीद्वारा विस्तार गरिनुपर्ने जस्तैः लम्की खक्रौला सडकका लाइनहरु, चक्रपथका लाइनहरु, मुख्य बजार क्षेत्रका लाइनहरु, वडा नं. १ भित्रका मुख्य सडकहरुका लाइनहरु र टीकापुर पार्क रोडका सबै रोडहरु | यो विषय सार्वजनिक निर्माणको उद्देश्य १३ को नीति (च) मा यो विषय समेटिएको तर प्राथमिकतामा नसमेटेकोले सार्वजनिक निर्माणको आवधिक प्राथमिकताको खण्ड (ट) अन्तर्गत मध्यकालिन कार्यक्रममा निम्न व्यहोरोका बुँदा ४ थप गर्न अनुरोध गर्ने। <br> ४. नगर चक्रपथ, लम्की खक्रौला सडक खण्ड तथा मुख्य शहरी क्षेत्रको विद्युत लाइनलाई भूमिगत गर्न |

टीकापुर नगरपालिका टीकापुर, कैलाली नेपाल

| | | |
|---|---|---|
| | | पहल शुरु गर्ने । र<br>दिर्घकालिन कार्यक्रममा निम्न बुँदा थप गर्न अनुरोध गर्ने ।<br>४. सम्वन्धित पक्षसँगको समन्वयमा शहरी क्षेत्रको विद्युत लाइनलाई भूमिगत गरिसक्ने । |
| ४. | रानी, जमरा, कुलरिया सिचाईं अन्तर्गत टीकापुर बजार क्षेत्रभित्र हुँदै बग्ने ज्ञानी कुलो र बनगाउँ कुलोलाई आरसीसी ढलान सहितका भूमिगत नहरको रुपमा निर्माण गर्नुपर्ने | सार्वजनिक निर्माण अन्तर्गत आवधिक प्राथमिकता तालिकाको खण्ड (छ) आवधिक प्राथमिकता तालिकाको मध्यकालिन कार्यक्रममा निम्नानुसारको बुँदा नं ४ थप गर्न नगरलाई अनुरोध गर्ने ।<br>४. सम्वन्धित पक्षसँगको समन्वय र सम्भाव्यताका आधारमा रानी जमरा सिंचाई अयोजानको टिकापुर बजार क्षेत्रको नहरलाई आरसीसी गरी भूमिगत गर्ने । |
| ५. | सिचाईको बेसलाइन सर्भे भएकोले त्यसलाई पनि प्रयोगमा ल्याउनु पर्ने | नगरमा वेसलाइन भएमा त्यसका आधारमा परिमाणात्मक लक्ष्य निर्धारण गर्न अनुरोध गर्ने । |

## घ. बन, वातावरण र विपद् व्यवस्थापन

### घ १. वातावरण र प्राकृतिक स्रोत

| क्र.स. | आएको सुझाव | परिषद्को निर्णय |
|---|---|---|
| १ | सिचाईं कुलो वरिपरि हरियाली बनाउने, जंगल व्यवस्थित गर्ने । | आवधिक प्राथमिकतातालिका ५.५.१ को नम्बर ग. को ६ मा थपका लागि नगरलाई अनुरोध गर्ने निर्णय गरियो ।<br>६. रानीजमरा सिचाईं कुलो वरिपरी एवं नगरमा हरियाली कायम गर्ने । |
| २ | वातावरण खण्डको पृष्ठभूमिमा तराईं भेगमा नपाइने जडिबुटीका नामहरु समेत आएकोले हटाउनु पर्ने । | प्राकृतिक स्रोतको पृष्ठभुमिमा जडिबुटिको नाम सच्याउन अनुरोध गर्ने । |
| ३. | यस क्षेत्रमा रहेका छाडा गाईंगोरुको उचित व्यवस्थापन गर्नुपर्ने । | आवधिक प्राथमिकता तालिका ५.५.१ को ङ मा सामुदायिक छाडा गाईवस्तुको व्यवस्थापनका बुँदाहरु समेटिएकोले यो विषय सुझावमा नसमेट्ने निर्णय गरियो । |
| ४. | डल्फिन प्रजनन केन्द्रको रुपमा पथरैया नदीलाई छनौट गर्ने । | आवधिक प्राथमिकता तालिका ५.५.१ को ख मा डल्फिनको संरक्षणका विषय समेटिएको छ तर प्रजनन केन्द्र स्थापना गर्ने विषय यसै प्राथमिकता ख मा थप गर्न अनुरोध गर्ने निर्णय गरियो । |

नगर प्रमुख
तपेन्द्र बहादुर रावल

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

घ २. विपद् तथा आपतकालिन व्यवस्थापन

| क्र.स. | आएको सुझाव | परिषद्को निर्णय |
|---|---|---|
| १ | कुन वडामा कस्तो प्रकारको विपद् हुनसक्छ अवस्था विश्लेषण हुनुपर्ने | आवधिक प्राथमिकता तालिका ५.५.२ क को ३ मा थप गर्न अनुरोध गर्ने गरियो । <br> ३. नगर लगायत प्रत्येक वडाको संकटासन्नता तथा क्षमता विश्लेषण गर्ने । |
| २ | मौसम पूर्वानुमानको लागि जलवायु सूचना बोर्ड ठाउँ ठाउँमा राख्नुपर्ने र विपदको पूर्व सूचना, साइरन आदिको व्यवस्था गर्नुपर्ने । | आवधिक प्राथमिकता तालिका ५.५.२ को घ मा निम्न विषय थप गर्न अनुरोध गर्ने निर्णय गरियो । <br> ५.मौसम पुर्वानुमानको लागि मौसमी पात्रो सहितको सुचना बोर्ड आवश्यक स्थानमा राख्ने। <br> विपद् पूर्वसुचनाको विषय नगरको आवधिक प्राथमिकताको ख को २ मा समावेश गरिएकोले यो विषय नसमेट्ने निर्णय गरियो । |
| ३. | कृषियोग्य जमिनमा जंगली जनावरले गर्ने विनाश काम गर्न वातावरण अनुसारको व्यवस्था गर्ने । | आवधिक प्राथमिकता तालिका ५.५.१ (ख को प्राथमिकता नं ४ मा डल्फिनको संरक्षणका विषय समेटिएको छ तर प्रजनन केन्द्र स्थापना गर्ने विषय यसको प्राथमिकता ख मा थप गर्न अनुरोध गर्ने । |
| ४ | प्राकृतिक प्रकोप अन्तर्गत हावाहुरी, असिना पानी, बाढीको पूर्वानुमानसहित जनताहरुलाई पूर्व सूचना प्रविधिको व्यवस्थापन गर्नुपर्ने तथा सो को विमा अथवा क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने । | आवधिक प्राथमिकता तालिका ५.५.२ को क को ६ मा विपद् बिमालाई समावेश गर्न अनुरोध गर्ने निर्णय गरियो । |
| ५ | रोडको सीमानाभित्र घर टहरा अन्य सामग्रीहरु, गाईगोरु, चौपाया आदिले दुर्घटना निम्त्याउने हुनाले समाधान खोजिनुपर्ने । | आवधिक प्राथमिकताको (छ) मा गाईवस्तुबाट हुन सक्ने दुर्घटना नियन्त्रणका लागि प्राथमिकतामा समावेश गरिएको तर निर्माणाधिन अवस्थामा निर्माण सामग्री जथाभाबी सडकमा राख्नाले पनि दुर्घटना हुन सक्ने सम्भावना भएका कारण सोलाई व्यक्ति स्वयंले आफ्ना सामग्री व्यवस्थापन गर्नुपर्ने निर्णयलाई सोही प्राथमिकतामा थप गर्नुपर्ने । |

नगर प्रमुख
हर्पेन्द्र बहादुर रावल

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

ङ. संस्थागत विकास र सुशासन

ङ.२. सुशासन

| क्र.स. | वडा स्तर र सार्वजनिक सुनुवाईमा प्राप्त सुझाव | परिषद्को निर्णय |
|---|---|---|
| | इमान्दारी र जवाफदेही भएर गर्नुपर्ने कामहरु आर्थिक पारदर्शिताका कामहरु सही रुपमा गरेको पाइएन भने सम्बन्धित पक्षलाई कानुनी कारवाहीको दायरामा ल्याउने कुरा कार्यान्वयन गर्ने । <br><br> वृहत् योजनाको सुशासन खण्ड अन्तर्गत अनुगमन तथा मूल्यांकनको कुरा, जनप्रतिनिधिको आचारसंहिता आदि समेत हुनुपर्ने । | सुशासनको प्राथमिकता तालिकामा अल्पकालमा बुँदा नं १० थप गरी निम्न विषय समेट्न अनुरोध गर्ने । <br><br> १०. संघीय कानुन बमोजिम नगर सुशासन सम्वन्धि स्थानीय कानुन बनाई, पदाधिकारी, कर्मचारी तथा अन्य सम्वद्ध पक्षको आचार संहिता तय गर्ने र अनियमितताको सूचना संकलन, विश्लेषण तथा कारवाही सिफारिसको विषयलाई स्थानीय कानुनबाट संस्थागत गर्ने । <br><br> सुशासनको प्राथमिकता तालिकाको अल्पकालिन प्राथमिकता अन्तर्गत बुँदा नं ३ मा निम्न विषय थप गर्न अनुरोध गर्ने । |
| २ | टोल टोलमा सूचना पाटी नराखिएकाले जनतामा सूचनाको लागि कमी भएकोले सूचना पाटी राख्ने र चोकलाई नामाकरण गरिएता पनि नामाकरण बोर्ड राखिएको छैन, यसको व्यवस्था हुनुपर्छ । | प्राथमिकता तालिकाको अल्पकाल अन्तर्गत बुँदा ३ मा ..... *र सवै वडा कार्यालयमा सूचनापाटीमा आर्थिक सूचना लगायतका सूचना टाँस गर्ने र व्यवस्थित र प्रभावकारी उपयोग गर्ने । सार्वजनिक स्थानमा सूचना पाटीबाट सूचना सार्वजनिकिकरणको अभ्यास विस्तार गर्ने* भन्ने वाक्यांश थप्ने । |

अन्य

| क्र.स. | वडा स्तर र सार्वजनिक सुनुवाईमा प्राप्त सुझाव | परिषद्को निर्णय |
|---|---|---|
| १. | राष्टिय योजना आयोगको १५औं योजना आधार पत्र, दीगो विकास लक्ष्यका १७ वटै लक्ष्यलाई समेत वृहत् योजनामा समावेश गर्नुपर्ने । | धेरैजसो क्षेत्रमा दिगो विकास लक्ष्य अनुसारको स्थानीय लक्ष्य तय गरिएको देखिएको भएपनि सवै क्षेत्रको लक्ष्य निर्धारण हुनुपर्ने । |
| २. | टीकापुर नगरपालिका नेपाल सरकारबाट स्मार्ट सिटी घोषणा भई स्मार्ट सिटीका कार्यक्रमहरु समेत संचालन भइरहेको छ, जस्तैः टीकापुर बसपार्कको निर्माण, बजार क्षेत्रको छ लेन बाटो, ब्लक नं. १ को नमूना ब्लक कार्यक्रम । वृहत् योजनामा स्मार्ट सिटीमार्फत्का कार्यक्रमहरु समेत समावेश गर्नुपर्ने । | टीकापुर नगरपालिका स्मार्ट सिटीका रुपमा अगाडि बढिरहेको परिवेशमा वृहत् योजनामा स्मार्ट सिटीका कार्यक्रमहरुलाई समेत समावेश गर्ने गरी नीति अवलम्बन गर्न अनुरोध गर्ने निर्णय गरियो । |
| ३. | कोरोनाबाट विश्व आक्रान्त भई अर्थतन्त्र | टीकापुर नगरपालिकाको वृहत् योजनाको अल्पकालीन कार्यक्रममा कोरोनाबाट सिर्जित समस्यालाई सम्बोधन |

टीकापुर नगरपालिका

| | | |
|---|---|---|
| | तहसनहस हुने अवस्था छ, यस्तो अवस्थामा नगरपालिकाको आगामी नीति तथा कार्यक्रम र बजेट कृषि, रोजगारी सिर्जना र अर्थतन्त्र बलियो बनाउने विषय समावेश हुनुपर्ने । | हुने गरी नगरपालिकाको नीति तथा कार्यक्रममा कृषि, स्वरोजगार जस्ता कार्यक्रमलाई प्राथमिकतामा राख्न अनुरोध गर्ने निर्णय गरियो । |

**निर्णय नं. ९ :** टीकापुर नगरपालिकाको लोककल्याणकरी सूचना तथा सन्देश प्रवाहको रकम भुक्तानी गर्ने सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल